नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार विभाग

ई.पि.एस. कोरिया शाखा

ग्वार्को, ललितपुर ।

युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ईपिएस शाखा कार्यालय
ग्वार्को, ललितपुर

सन् २०२६ को भाषा परीक्षामा सहभागी हुने परीक्षार्थीहरूको लागि विशेष सूचना

मितिः २०८३/०८/०७

रोजगार अनुमति प्रणाली अन्तर्गत सन् २०२६ को कोरियन भाषा परीक्षालाई स्वच्छ, मर्यादित, व्यवस्थित एवं प्रविधिमैत्री रूपमा सञ्चालन गर्नका लागि परीक्षामा सहभागी हुने सम्पूर्ण परीक्षार्थीहरूले तपसिल बमोजिमका नियम तथा आचारसंहिताहरूको अनिवार्य पालना गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छः

१. **बायोमेट्रिक दर्ता समयको पूर्ण पालना सम्बन्धमाः**

यस शाखाको पूर्व प्रकाशित सूचना बमोजिम परीक्षार्थीहरूले आफ्नो निर्धारित भाषा परीक्षाको मितिभन्दा **ठीक एक (१) दिन अगावै** मात्र बायोमेट्रिक दर्ता प्रयोजनका लागि यस कार्यालय (ग्वार्को, ललितपुर) मा उपस्थित हुनुपर्ने व्यवस्था गरिएकोमा कतिपय परीक्षार्थीहरू आफ्नो निर्धारित परीक्षा मितिभन्दा अघिल्लो दिन बाहेक अन्य दिनमा समेत बायोमेट्रिक दर्ताका लागि आउने गरेको पाइएको छ। सो कारण कार्यालयमा अनावश्यक भिडभाड तथा कार्यचाप बढ्न गई सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको हुँदा आफ्नो परीक्षाको निर्धारित मितिभन्दा **अघिल्लो दिन मात्र** बायोमेट्रिक दर्ताका लागि उपस्थित हुन सूचित गरिन्छ। तोकिएको मिति बाहेक अन्य दिनमा आउने परीक्षार्थीहरूको बायोमेट्रिक दर्ता कार्य नगरिने व्यहोरा समेत जानकारी गराइन्छ।

२. **प्रवेशपत्र (Admit Card) तथा सक्कल राहदानी सम्बन्धमाः**

कतिपय परीक्षार्थीहरूले अनलाइन प्रणाली बाट उपलब्ध गराइएको प्रवेशपत्रमा रहेको वास्तविक रङभन्दा फरक रङ वा श्यामश्वेत (Black & White) मा प्रिन्ट गरी परीक्षा केन्द्रमा उपस्थित हुँदा सुरक्षा जाँच तथा पहिचान रुजु कार्यमा प्राविधिक समस्या सिर्जना भएको भनी कोरियाली पक्ष (HRD Service of Korea) बाट जानकारी प्राप्त हुन आएको छ। तसर्थ, प्रणालीमा उपलब्ध भएको प्रवेशपत्रको वास्तविक रङ नबिग्रने गरी रङ्गिन (Color) रूपमा स्पष्ट प्रिन्ट गरी आफ्नो सक्कल राहदानी (Original Passport) साथमा लिई परीक्षा केन्द्रमा उपस्थित हुन सूचित गरिन्छ। प्रतिलिपि (Photocopy) वा मोबाइलमा खिचिएको तस्विर मान्य नहुने व्यहोरा समेत स्पष्ट पारिन्छ।

३. **धातुजन्य गहना तथा सामग्री निषेध सम्बन्धमाः**

परीक्षा केन्द्रमा प्रवेश गर्दा AI Face Recognition (कृत्रिम बौद्धिकतामा आधारित अनुहार पहिचान) प्रणाली मार्फत परीक्षार्थीको पहिचान रुजु (Verification) गरिने हुँदा धातुजन्य गहना तथा सामग्री (जस्तैः औंठी, सिक्री, मुन्द्रा, चुरा, घडी, धातुको बकल भएको बेल्ट आदि) लगाउँदा पहिचान प्रणालीमा प्राविधिक अवरोध

Website :www.epsnepal.gov.np Telephone No:- 01-5186349, 01-5186350
e-mail : eps.nepalgov@gmail.com

सिर्जना हुने गरेको छ। तसर्थ, पूर्व प्रकाशित सूचना बमोजिम नै परीक्षामा सहभागी हुन आउँदा कुनै पनि प्रकारका धातुजन्य गहना नलगाई आउनुहुन सूचित गरिन्छ।

साथै, परीक्षा हलभित्र रङ्गिन प्रवेशपत्र र सक्कल राहदानी बाहेक अन्य कुनै पनि सामग्रीहरू लैजान पूर्ण रूपमा निषेध गरिएको हुँदा परीक्षा हल बाहिर व्यवस्था गरिएको लकरमा आफ्ना अन्य सम्पूर्ण सामग्रीहरू सुरक्षित रूपमा राखी मात्र परीक्षा हलमा प्रवेश गर्नुहुन सम्बन्धित सबै परीक्षार्थीहरूको जानकारीका लागि अनुरोध छ।

४. **शरीर वा हातमा लेख्ने कार्य (Cheating) पूर्ण रूपमा निषेध सम्बन्धमा:**
कतिपय परीक्षार्थीहरूले हात, हत्केला वा शरीरका अन्य भागमा मसी वा कलमले लेखी परीक्षा केन्द्रमा आउने गरेको पाइएको छ। यस्ता कार्यलाई परीक्षा सञ्चालन गर्ने निकाय **HRD Service of Korea** ले संवेदनशील विषयका रुपमा लिने भएकोले यसो गरेको पाइएमा परीक्षा तत्काल रद्द हुनुका साथै प्रचलित कोरियाली कानुन बमोजिम निश्चित अवधिसम्म कोरियन भाषा परीक्षामा सहभागी हुन नपाउने गरी **प्रतिबन्ध** समेत लगाइने कानुनी व्यवस्था रहेको हुँदा शरीरको कुनै पनि भागमा नलेखी परीक्षा केन्द्रमा उपस्थित हुन कडाइका साथ सूचित गरिन्छ।

५. **परीक्षा केन्द्रमा निर्धारित समयमै उपस्थित हुने सम्बन्धमा:**
कतिपय परीक्षार्थीहरू परीक्षा सुरु हुनुभन्दा ५ मिनेट अगाडि मात्र परीक्षा केन्द्र (भैंसेपाटी, ललितपुर) मा पुग्ने प्रवृत्ति देखिएको छ। परीक्षा हलमा प्रवेश गर्नुअघि केन्द्रमा बायोमेट्रिक रुजु, सुरक्षा जाँच तथा परीक्षा सम्बन्धी अनिवार्य अभिमुखीकरण प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। तसर्थ, यस कार्यालयको पूर्व प्रकाशित सूचना बमोजिम निर्धारण गरिएको समयतालिका अनुसार परीक्षा सुरु हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा केन्द्रमा अनिवार्य रूपमा उपस्थित हुनुहुन सूचित गरिन्छ। ढिला गरी आउने परीक्षार्थीलाई परीक्षामा सहभागी गराउन नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

सूचना अधिकारी